# कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका
# (प्रदेश र स्थानीय तहका लागि)

आ. व. २०७९/०८०

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

**राष्ट्रिय युवा परिषद्**

सानोठिमी, भक्तपुर

**प्रकाशकः**
नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी,भक्तपुर
फोन नं: ९७७-१-६६३०१९३,६६३८१५२,६६३५१३३,
६६३१२७६, ६६३५८३५, ६६३५९२४, ६६३१३७२, ५६३९४३०
इमेल ठेगाना :info@nyc.gov.np
वेवसाइट : www.nyc.gov.np
नोटिसबोर्ड सेवा १६१८०१6635835:
फेसवुक पेज: Netional Youth Council Nepal
मोबाइल एप: NYC
युट्युप: National Youth Council

मुद्रक : राष्ट्रिय युवा परिषद्
प्रकाशन : २०७९ श्रावण

# हाम्रो भनाई

युवाको सर्वाङ्गिण विकास मार्फत समुन्नत राष्ट्र निर्माणका लागि सशक्तीकरण मार्फत सक्षम नागरिक तयार गर्नका लागी युवा सम्बन्धी नीतिनिर्माण देखि कार्यान्वयन तहसम्म सबै चरणमा युवालाई अर्थपूर्ण रुपमा संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने उद्देश्यका साथ वि.स. २०७२ मा राष्ट्रिय युवा परिषद्को स्थापना भएको हो ।

परिषद्ले आफ्नो स्थापना काल देखि नै युवा सशक्तीकरण र विकासका क्षेत्रमा संघीय तहमा मात्र नभई प्रदेश तह र स्थानीय तहबाट समेत युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सँगसँगै अघि बढाईरहेको छ । यसै क्रमको निरन्तरता स्वरुप चालू आ.व.२०७९।८० मा परिषद्लाई प्राप्त वजेट सीमा भित्र रही शसर्त अनुदान अन्तर्गत प्रत्येक प्रदेशमा ५ वटा कार्यक्रमका दरले सातै वटा प्रदेशमा र प्रत्येक जिल्लाका एक एक स्थानीय तह छनोट गरी ७७ वटा स्थानीय तहमा सञ्चालन हुने गरी कार्यक्रम पठाइएको छ । युवा लक्षित कार्यक्रम मार्फत परिषद्लाई प्रदेश र स्थानीय तहसम्म जोड्न यी कार्यक्रमहरु कोशेढुङ्गा हुने अपेक्षा लिईएको छ । तीनै तहका सरकार, युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघ संस्था र युवा स्वयंले अपनत्व लिने गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्यढाँचाको विकास गरिएको छ । यी सबै कार्यक्रमको मूल आशय भनेको युवा विकासका लागि दीर्घकालिन रणनीति युथ भिजन २०२५ ले परिकल्पना गरेको गुणस्तरीय र व्यवसायिक शिक्षा, रोजगारी,उद्यमशिलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन सहभागिता र नेतृत्व विकास, खेलकुद र मनोरञ्जनलाई अघि बढाउँदै **समृद्ध नेपाल र सुखी नेपाली** बनाउने राष्ट्रिय अभियानलाई सफल बनाउनु हो ।

गत विगत वर्षहरुमा झैं यस वर्ष पनि संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने गरी तय भएका कार्यक्रमहरुको उद्देश्य र कार्यक्रम कार्यान्वयनको अवधारणा स्पष्ट पार्न, कार्यान्वयन प्रक्रियामा एकरूपता ल्याउन र कार्यक्रमको मर्मसँग परिचित गराउन, खर्चगर्ने आधार प्रष्टपारी एकै प्रकारका कामहरूलाई देशभर समान एवं प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याई पिछडिएका र सीमानतकृत वर्गका युवालाई समेत राज्य सयन्त्रको मूल प्रवाहमा ल्याउन मद्दत पुगोस् भन्नेअभिप्रायले यो कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका तयार पारिएको छ । यस पुस्तिकाबाट वित्तीय अनुशासन कायम राख्न, कार्यक्रम कार्यान्वयनमा पारदर्शिता र एकरुपता कायम गर्न, कार्यक्रमहरुलाई नतिजामुखी रुपले कार्यान्वयन गर्न र परिषदका कार्यक्रमका सम्बन्धमा सरोकारवालाहरुले सहज रुपमा जानकारी प्राप्त गरी सेवा लिन र दिन मद्दत पुग्नेविश्वास लिइएको छ ।

अन्त्यमा यस पुस्तिकाका विषयमा प्राप्त हुने सुझावहरूले राष्ट्रिय युवा परिषद्लाई आगामी दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा राख्दै पुस्तिका तयार गर्ने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।धन्यवाद ।

२०७९ श्रावण

**सुरेन्द्र बस्नेत**
कार्यकारी उपाध्यक्ष
**राष्ट्रिय युवा परिषद्**

# राष्ट्रिय युवा परिषद्को परिचय

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को प्रस्तावना अनुसार युवाको हक हितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले राष्ट्रिय युवा परिषद् एउटा स्वायत्त संस्थाको रुपमा रहने गरी स्थापना भएको हो । युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा विभिन्न मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका गरी आठ जना सचिव पदेन सदस्य सहित ३६ सदस्यीय राष्ट्रिय युवा परिषद् गठन हुने व्यवस्था ऐनमा रहेको छ । यसले युवाका हक हितको संरक्षण र सम्बर्द्धन गर्ने समेतका काम गर्दछ । परिषद् अन्तर्गत परिषदका उपाध्यक्षको अध्यक्षतामा सात सदस्यीय कार्यकारी समिति रहेको छ । यसले परिषदको कार्यकारी निकायको रुपमा काम गर्दछ । प्रशासनिक कार्यका लागि केन्द्रमा एक जना सहसचिवको नेततृवमा निजामति सेवाको कर्मचारीहरु रहेका छन । त्यसैगरी हरेक जिल्लामा जिल्ला युवा समिति रहने व्यवस्था छ । जिल्ला युवा समितिले जिल्ला भित्रका युवा सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम गर्दछन ।

**दूरदृष्टि ) Vision)**

नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र सम्बृद्ध राष्ट्र बनाउने ।

**दीर्घकालीन लक्ष्य ) Mission)**

- युवाको नेतृव तथा क्षमता विकास
- उद्यमशिलताको विकास र स्वरोजगार
- युवाको पहुँच र सहभागिताको सुनिश्चितता
- समद्ध राष्ट्र निर्माण

**मान्यता ) Value)**

- स्वस्थ,कर्मठ र उद्यमी युवा
- अधिकार र कर्तव्य प्रति सचेत युवा
- समावेशी र सशक्त युवा
- नेतृत्वदायी र स्वाबलम्बी युवा

**उद्देश्य (Objectives)**

१. राष्ट्र निर्माण एवम राष्ट्रिय विकासमा युवाको भुमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,

२. युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने,
३. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै यवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयक्तु , नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यवसायिकरुपमा दक्ष युवा तयार गर्ने,
४. युवाका आधारभत अधिकारहरु सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा उनीहरुको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम सास्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम कार्यान्वयनमा सहभागी गराउनका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेततूव क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने,
५. प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने

## परिषद्का काम, कर्तव्य र अधिकारहरु ) Rights and duties of NYC)

राष्ट्रिय युवा परिषद्ऐन, २०७२ को दफा ६ तथा नियमावली, २०७३ को नियम ३ मा उल्लेख भए बमोजिम राष्ट्रिय युवा परिषदको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम उल्लेख गरिएका छन:

१. युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
२. नेपाल सरकारको स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
३. परिषद् सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्नु र्ने शर्तहरु निर्धारण गर्ने,
४. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,
५. युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,
६. परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
७. युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण समबन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,
८. परिषद्कोलागि आवश्यक दरवन्दी संख्या निर्धारण गर्ने,
९. परिषदसँग आबद्ध हुन चाहने संघ वा संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धी शर्त र प्रक्रिया स्वीकृत गर्ने,
१०. युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गर्ने,
११. दुर्व्यसनमा लागेका युवालाई पुनःस्थापना गर्न तत्सम्बन्धी संघ वा संस्थासँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
१२. तोकिए बमोजिमका काम गर्ने गराउने

# आ.व. २०७९।८० मा राष्ट्रिय युवा परिषद्बाट कार्यान्वयन हुने कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु लाखमा |
| १ | अपाङ्गता भएका युवाहरुका लागि सहयोग | जना | १० | ३ |
| २ | सहुलियत पुर्ण कर्जाको सहजिकरणका लागि उद्यमशिलता तथा वित्तिय साक्षरता तालिम | जना | १००० | ५०.४ |
| ३ | उद्यम परामर्श | जना | १२०० | ९.६ |
| ४ | युवा सम्बन्धी आवधिक वुलेटिन तथा वार्षिक प्रकाशनहरु | पटक | ४ | ३.७३ |
| ५ | वेबसाइट अद्यावधिक तथा सामाजिक सञ्जालको प्रयोग | पटक | १ | २.५ |
| ६ | सर्भर जडान तथा युवा एप निर्माण | पटक | १ | १.६३ |
| ७ | युवा विकासका लागि सञ्चारमाध्यमसँगको समन्वय र सहकार्य | पटक | १ | १५ |
| ८ | ऐन नियम नीतिगत दस्तावेज परिमार्जन तथा मस्यौदा तयारी | पटक | १ | ५ |
| ९ | कार्यक्रमहरुको तेश्रो पक्षबाट मूल्याङ्कन. | पटक | १ | ८ |
| १० | युवा नवप्रवर्तन तथा इन्क्युवेसन सेन्टर सञ्चालन तथा नमुना विकास | वटा | १ | ४० |
| ११ | युवाक्लव गठन तथा नमुना युवा संसद अभ्यास प्रशिक्षक प्रशिक्षण | जना | ८० | १० |
| १२ | युवाक्लव गठन तथा नमुना युवा संसद अभ्यास सहजीकरण | जना | ४० | ४.१५ |
| १३ | युवा स्वयमसेवक विकास तथा परिचालन | जना | १००० | ३५ |

| क.स. | कार्यक्रम / क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु लाखमा |
| १४ | संघीय नमुना युवा संसद अभ्यास (Mock Youth Parliament) | पटक | १ | १२.४५ |
| १५ | सार्क युवा परिषद् गठन तथा साझेदारी निर्माण | पटक | १ | १५ |
| १६ | संयुक्त राष्ट्रसंघिय नमुना महासभा (Mock UN General Assembly) अभ्यास | पटक | १ | ८ |
| १७ | जोखिम अबस्थामा रहेका युवाकालागि पुनर्स्थापना कार्यक्रम। | जना | १० | १० |
| १८ | सहिद वेपत्ता तथा द्वन्दप्रभावित युवा लक्षित कार्यक्रम | पटक | १ | ८.५४ |
| १९ | एक शिक्षणसंस्था एक उद्यम कार्यक्रम | विद्यालय / संस्था | ८ | ५० |
| २० | विज्ञान तथा प्रविधिमा युवा सम्मेलन | केन्द्र/प्रदेश | १ | ७ |
| २१ | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | केन्द्र/प्रदेश | १ | १० |
| २२ | वार्षिक कार्यक्रम अभिमुखीकरण तथा समिक्षा | केन्द्र | ७ | २५ |
| २३ | युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रम | पटक/संख्या | २० | १३.३ |
| २४ | संघसंस्थाहरू तथा अन्य निकायहरुसँगको साझेदारीमा युवा लक्षित कार्यक्रम | निरन्तर | १० | १४.६३ |
| २५ | युवा सञ्जाल गठन तथा परिचालन | वटा | ८ | २० |
| २६ | युवा नीति तथा युवाका मुद्दाहरुमा वहस पैरवी गोष्ठी | पटक | ३ | ४.३६ |
| २७ | घुम्तीकोषमा आधारित युवा उद्यम कार्यक्रम | समूह | १ | ५.७ |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | |
|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु लाखमा |
| २८ | युवा अनुभव आदानप्रदानको भ्रमण (आन्तरिक) | जना | ३० | ५.०१ |
| २९ | युवा महोत्सव तथा मनोरञ्जन तथा विभिन्न दिवसहरु मनाउने (अन्तर्राष्ट्रिय युवा दिवस स्वयमसेवक दिवस युवा परिषद स्थापना दिवस) | पटक | ३ | २० |
| ३० | कला साहित्य र साँगितिक क्षेत्रको युवा प्रोत्साहन कार्यक्रम | पटक | २ | ८ |
| ३१ | युवा परामर्श तथ मार्गदर्शन | केन्द्र/प्रदेश | ५७५ | ५ |
| कुल जम्मा | | | | ४३० |

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्को वजेट उपशिर्षक अन्तर्गत आ.व. २०७९।८० का लागि सशर्त अनुदानको रुपमा प्रदेश र स्थानीय तहम विनियोजन भएका कार्यक्रमहरु तथा वजेटको विवरण

प्रदेशतहमा कार्यान्वयन हुने ससर्त अनुदान तर्फका कार्यक्रम तथा वजेटको प्रदेशगत विवरण

| क्रस | कार्यक्रम | प्रदेशगत रकम (रु हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश नं. १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
| | | बउसिनं 70100011 | बउसिनं 70100014 | बउसिनं 70100015 | बउसिनं 70100016 | बउसिनं 70100017 | बउसिनं 70100018 | बउसिनं 70100019 |
| १ | प्रदेश नमुना युवा संसद अभ्यास कार्यक्रम | 800 | 600 | 800 | 800 | 800 | 1000 | 800 |
| २ | युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम | 600 | 600 | 600 | 600 | 600 | 600 | 600 |
| ३ | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | 250 | 250 | 250 | 250 | 250 | 250 | 250 |
| ४ | युवा स्वयमसेवक परिचालन | 250 | 250 | 250 | 250 | 250 | 250 | 250 |
| ५ | युवाका लागि विज्ञान तथा प्रविधि कार्यक्रम | | | | | | | 300 |
| | जम्मा | 1900 | 1700 | 1900 | 1900 | 1900 | 2100 | 2200 |

स्थानीय तहमा कार्यान्वयन हुने ससर्त अनुदान तर्फका कार्यक्रम तथा वजेटको स्थानीयतहगत विवरण

| क्रस | वजेट उपशीर्षक | स्थानीय तहको नाम | जिल्ला | कार्यक्रमगत रकम (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | वडाक्लव गठन तथा नमुना युवा संसद अभ्यास | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | जम्मा |
| १ | 80101106 | सूर्योदय नगरपालिका | इलाम | 525 | 350 | 125 | 1000 |
| २ | 80101303 | मिक्वाखोला गाउँपालिका | ताप्लेजुङ्ग | 525 | 350 | 125 | 1000 |
| ३ | 80101313 | मिक्लाजुङ गाउँपालिका | पाँचथर | 525 | 350 | 125 | 1000 |
| ४ | 80101323 | कमल गाउँपालिका | झापा | 525 | 350 | 125 | 1000 |
| ५ | 80101329 | चिचिला गाउँपालिका | सङ्खुवासभा | 525 | 350 | 125 | 1000 |
| ६ | 80101335 | छथर गाउँपालिका | तेह्रथुम | 525 | 350 | 125 | 1000 |
| ७ | 80101338 | असरुण गाउँपालिका | भोजपुर | 525 | 350 | 125 | 1000 |
| ८ | 80101347 | छथर जोरपाटी गाउँपालिका | धनकुटा | 525 | 350 | 125 | 1000 |
| ९ | 80101349 | कोशी गाउँपालिका | सुनसरी | 525 | 350 | 125 | 1000 |
| १० | 80101358 | ग्रामथान गाउँपालिका | मोरङ् | 525 | 350 | 125 | 1000 |
| ११ | 80101366 | नेचासल्यान गाउँपालिका | सोलुखुम्बु | 525 | 350 | 125 | 1000 |
| १२ | 80101372 | खोटेहाङ गाउँपालिका | खोटाङ् | 525 | 350 | 125 | 1000 |
| १३ | 80101380 | रौतामाई गाउँपालिका | उदयपुर | 525 | 350 | 125 | 1000 |
| १४ | 80101384 | चिशंखुगढी गाउँपालिका | ओखलढुङ्गा | 525 | 350 | 125 | 1000 |
| १५ | 80102033 | जितपुर-सिमरा उपमहानगरपालिका | बारा | 525 | 350 | 125 | 1000 |

| क्रस | वजेट उपशीर्षक | स्थानीय तहको नाम | जिल्ला | कार्यक्रमगत रकम (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | वडाक्लव गठन तथा नमुना युवा संसद अभ्यास | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | जम्मा |
| १६ | 80102106 | शम्भुनाथ नगरपालिका | सप्तरी | 525 | 350 | 125 | 1000 |
| १७ | 80102124 | सबैला नगरपालिका | धानुषा | 525 | 350 | 125 | 1000 |
| १८ | 80102131 | बर्दिबास नगरपालिका | महोत्तरी | 525 | 350 | 125 | 1000 |
| १९ | 80102152 | चन्द्रपुर नगरपालिका | रौतहट | 525 | 350 | 125 | 1000 |
| २० | 80102172 | पर्सागढी नगरपालिका | पर्सा | 525 | 350 | 125 | 1000 |
| २१ | 80102310 | औरही गाउँपालिका | सिराहा | 525 | 350 | 125 | 1000 |
| २२ | 80102328 | चक्रघट्टा गाउँपालिका | सर्लाही | 525 | 350 | 125 | 1000 |
| २३ | 80103107 | चौतारा सागाचोकगढी नगरपालिका | सिन्धुपाल्चोक | 525 | 350 | 125 | 1000 |
| २४ | 80103110 | धुनीबेंसी नगरपालिका | धादिङ् | 525 | 350 | 125 | 1000 |
| २५ | 80103115 | कीर्तिपुर नगरपालिका | काठमाण्डौ | 525 | 350 | 125 | 1000 |
| २६ | 80103129 | सूर्यविनायक नगरपालिका | भक्तपुर | 525 | 350 | 125 | 1000 |
| २७ | 80103139 | माडी नगरपालिका | चितवन | 525 | 350 | 125 | 1000 |
| २८ | 80103306 | सुनकोशी गाउँपालिका | सिन्धुली | 525 | 350 | 125 | 1000 |
| २९ | 80103311 | दोरम्बा गाउँपालिका | रामेछाप | 525 | 350 | 125 | 1000 |
| ३० | 80103315 | गौरीशङ्कर गाउँपालिका | दोलखा | 525 | 350 | 125 | 1000 |
| ३१ | 80103331 | कालिका गाउँपालिका | रसुवा | 525 | 350 | 125 | 1000 |
| ३२ | 80103351 | पञ्चकन्या गाउँपालिका | नुवाकोट | 525 | 350 | 125 | 1000 |

| क्रस | वजेट उपशीर्षक | स्थानीय तहको नाम | जिल्ला | कार्यक्रमगत रकम (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | वडाक्लव गठन तथा नमुना युवा संसद अभ्यास | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | जम्मा |
| ३३ | 80103356 | कोन्ज्योसोम गाउँपालिका | ललितपुर | 525 | 350 | 125 | 1000 |
| ३४ | 80103361 | तेमाल गाउँपालिका | काभ्रे | 525 | 350 | 125 | 1000 |
| ३५ | 80103368 | बकैया गाउँपालिका | मकवानपुर | 525 | 350 | 125 | 1000 |
| ३६ | 80104102 | गैंडाकोट नगरपालिका | नवलपरासी पुर्व | 525 | 350 | 125 | 1000 |
| ३७ | 80104115 | पालुङटार नगरपालिका | गोरखा | 525 | 350 | 125 | 1000 |
| ३८ | 80104305 | अर्जुनचौपारी गाउँपालिका | स्याङ्जा | 525 | 350 | 125 | 1000 |
| ३९ | 80104316 | बन्दिपुर गाउँपालिका | तनहु | 525 | 350 | 125 | 1000 |
| ४० | 80104329 | मनाङ दिङ्छयाङ गाउँपालिका | मनाङ् | 525 | 350 | 125 | 1000 |
| ४१ | 80104331 | दुधपोखरी गाउँपालिका | लम्जुङ् | 525 | 350 | 125 | 1000 |
| ४२ | 80104336 | मादी गाउँपालिका | कास्की | 525 | 350 | 125 | 1000 |
| ४३ | 80104338 | जलजला गाउँपालिका | पर्वत | 525 | 350 | 125 | 1000 |
| ४४ | 80104345 | ताराखोला गाउँपालिका | बाग्लुङ् | 525 | 350 | 125 | 1000 |
| ४५ | 80104353 | रघुगंगा गाउँपालिका | म्याग्दी | 525 | 350 | 125 | 1000 |
| ४६ | 80104358 | वाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका | मुस्ताङ् | 525 | 350 | 125 | 1000 |
| ४७ | 80105103 | सुनवल नगरपालिका | नवलपरासी | 525 | 350 | 125 | 1000 |
| ४८ | 80105113 | महाराजगञ्ज नगरपालिका | कपिलबस्तु | 525 | 350 | 125 | 1000 |
| ४९ | 80105117 | सन्धिखर्क नगरपालिका | अर्घाखाँची | 525 | 350 | 125 | 1000 |

| क्रस | वजेट उपशीर्षक | स्थानीय तहको नाम | जिल्ला | कार्यक्रमगत रकम (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | वडाक्लव गठन तथा नमुना युवा संसद अभ्यास | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | जम्मा |
| ५० | 80105118 | तानसेन नगरपालिका | पाल्पा | 525 | 350 | 125 | 1000 |
| ५१ | 80105123 | प्यूठान नगरपालिका | प्युठान | 525 | 350 | 125 | 1000 |
| ५२ | 80105132 | बारबर्दिया नगरपालिका | वर्दिया | 525 | 350 | 125 | 1000 |
| ५३ | 80105314 | सियारी गाउँपालिका | रुपन्देही | 525 | 350 | 125 | 1000 |
| ५४ | 80105332 | गुल्मीदरबार गाउँपालिका | गुल्मी | 525 | 350 | 125 | 1000 |
| ५५ | 80105342 | सिस्ने गाउँपालिका | रुकुम पुर्ब | 525 | 350 | 125 | 1000 |
| ५६ | 80105346 | माडी गाउँपालिका | रोल्पा | 525 | 350 | 125 | 1000 |
| ५७ | 80105362 | बबई गाउँपालिका | दाङ् | 525 | 350 | 125 | 1000 |
| ५८ | 80105371 | राप्तीसोनारी गाउँपालिका | बाँके | 525 | 350 | 125 | 1000 |
| ५९ | 80106110 | मुसिकोट नगरपालिका | पश्चिम रुकुम | 525 | 350 | 125 | 1000 |
| ६० | 80106111 | बागचौर नगरपालिका | सल्यान | 525 | 350 | 125 | 1000 |
| ६१ | 80106120 | नलगाड नगरपालिका | जाजरकोट | 525 | 350 | 125 | 1000 |
| ६२ | 80106301 | खत्याड गाउँपालिका | मुगु | 525 | 350 | 125 | 1000 |
| ६३ | 80106307 | डोल्पो बुद्ध गाउँपालिका | डोल्पा | 525 | 350 | 125 | 1000 |
| ६४ | 80106315 | सर्केगाड गाउँपालिका | हुम्ला | 525 | 350 | 125 | 1000 |
| ६५ | 80106317 | कनकासुन्दरी गाउँपालिका | जुम्ला | 525 | 350 | 125 | 1000 |
| ६६ | 80106328 | महावै गाउँपालिका | कालिकोट | 525 | 350 | 125 | 1000 |
| ६७ | 80106343 | सिम्ता गाउँपालिका | सुर्खेत | 525 | 350 | 125 | 1000 |

| क्रस | वजेट उपशीर्षक | स्थानीय तहको नाम | जिल्ला | कार्यक्रमगत रकम (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | वडाक्लव गठन तथा नमुना युवा संसद अभ्यास | युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम | जम्मा |
| ६८ | 80106354 | महाबु गाउँपालिका | दैलेख | 525 | 350 | 125 | 1000 |
| ६९ | 80107112 | साँफेवगर नगरपालिका | अछाम | 525 | 350 | 125 | 1000 |
| ७० | 80107128 | पुनर्वास नगरपालिका | कञ्चनपुर | 525 | 350 | 125 | 1000 |
| ७१ | 80107301 | कैलारी गाउँपालिका | कैलाली | 525 | 350 | 125 | 1000 |
| ७२ | 80107309 | जोरायल गाउँपालिका | डोटी | 525 | 350 | 125 | 1000 |
| ७३ | 80107323 | स्वामीकार्तिक खापर गाउँपालिका | बाजुरा | 525 | 350 | 125 | 1000 |
| ७४ | 80107327 | खप्तडछान्ना गाँउपालिका | बझाङ् | 525 | 350 | 125 | 1000 |
| ७५ | 80107339 | मार्मा गाउँपालिका | दार्चुला | 525 | 350 | 125 | 1000 |
| ७६ | 80107342 | डीलासैनी गाउँपालिका | बैतडी | 525 | 350 | 125 | 1000 |
| ७७ | 80107350 | गन्यापधुरा गाउँपालिका | डडेलधुरा | 525 | 350 | 125 | 1000 |
| | | कूल जम्मा | | 40425 | 26950 | 9625 | 77000 |

प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान तर्फका कार्यक्रमहरुको कार्यान्वयन प्रकृया

**प्रदेश स्तरमा हस्तान्तरित कार्यक्रमहरु**

**१. प्रदेश नमुना युवा संसद अभ्यास कार्यक्रम**

यो कार्यक्रम विशेषत युवाको नेतृत्व क्षमताको विकास गर्न उपयुक्त प्लेटफर्म निर्माणका लागि ल्याइएको कार्यक्रम हो।

- आजका युवा भोलिका देशका कर्णधार मात्र नभई वर्तमानका साझेदार समेत भएकोले उनीहरुलाई देशको संविधान, कानून, संसदीय प्रक्रिया, राष्ट्रियता, अनुशासन, पद्धति र हरेक संस्थाको नेतृत्व कौशल र जवाफदेहिता सिकाउँदै नयाँ पुस्तालाई एक असल, सक्षम र दुरदर्शी नेतृत्व निर्माण गर्ने उद्देश्य राखिएको छ।
- यसबाट आजका युवालाई अधिकार खोज्ने मात्र हैन आफ्नो कर्तव्य र जिम्मेवारीलाई पनि आत्मसात गर्ने बानीको विकास गराउने उद्देश्य राखेको छ। राष्ट्रिय युवा परिषदले बनाएको कार्यविधि तथा यस कार्यक्रमको पाठ्यक्रमका आधारमा स्थानीय, प्रदेश र संघीय तहमा चार दिवसीय नमूना युवा संसदको अभ्यास गर्ने प्रक्रिया विगत चार वर्षदेखि शुरु भएको छ। यसमा स्थानीय तहमा गाउँसभा र नगर सभा, प्रदेश स्तरमा प्रदेश सभा र संघीय तहमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका संसदीय अभ्यास गर्ने गरिएको छ।
- यस कार्यक्रमको मूल आधार भनेको स्थानीय तहको प्रत्येक वडामा गठन हुने युवा क्लबहरु हुन्। युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि,२०७५ बमोजिम युवाक्लबबाट छनौट भई आएका युवाहरु सम्मिलित नमुना गाउँ/नगरसभाको अभ्यासमा सहभागी भएका युवाहरूको प्रतिनिधित्व समेत गर्ने गरिएको छ ।
- यसबाट युवाको नेतृत्व क्षमता विकासका साथसाथै उनीहरुको प्रतिभा प्रस्फुटन, आत्मविश्वास जागृत गराउनुका साथै आत्मानुशासन, राष्ट्रियता र सम्बन्धित विषयको विशेषज्ञताका लागि पूर्व तयारी गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो।
- प्रदेश स्तरीय चार दिवसीय नमूना युवा संसदमा देहायका युवा प्रतिनिधिहरु सहभागी हुनेछन्।
    - आ.व. २०७४/७५ देखि चालु आ.व. २०७८/७९ सम्मको अवधिमा स्थानीय तहका वडा स्तरमा कार्यविधि बमोजिम युवाक्लब गठन भई गाउँ/नगर स्तरको नमूना युवा संसद (गाउँसभा वा नगरसभा) सञ्चालन गरेका सबै स्थानीय तहका गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका २-२ जना (न्युनतम् एकजना महिला) का दरले आएका युवाहरु,
    - उक्त कार्यविधि बमोजिम स्वतन्त्ररुपमा युवा क्लब गठन गरी नमूना युवा संसद सञ्चालन गरेका अन्य स्थानीय तहबाट गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका दुई-दुई जनाका दरले आएका युवा प्रतिनिधिहरु,
    - त्यसै गरी कार्यविधि बमोजिम प्रदेश सामाजिक विकास मन्त्रालयले तोकेका १६-२४ वर्ष उमेर समूहका दुईजना (कम्तिमा एकजना महिला) युवाहरु,
    - राष्ट्रिय युवा परिषदले अनलाइन आवेदन फारामका आधारमा खुलारुपबाट छनौट गरेका ८ जना युवाहरु।

- प्रदेश स्तरमा हुने चार दिवसीय नमूना युवा संसदको अभ्यास राष्ट्रिय युवा परिषदसँगको समन्वय र परामर्शमा प्रदेश स्तरमा यसै शीर्षक अन्तर्गत सशर्त अनुदानको रुपमा विनियोजित बजेट शीर्षकबाट नियमानुसार सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।
- यस कार्यक्रमका लागि आवश्यक नीतिगत र कानूनी मार्गदर्शन, सहजीकरण आवश्यकतानुसार राष्ट्रिय युवा परिषदबाट हुनेछ।

**२. युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम**

राष्ट्रिय युवा परिषद्ले गत विकग आवमा युवा मैत्री स्थानीय तह विकास कार्यक्रम केन्द्रबाट सञ्चालन गर्दै आएकोमा केन्द्रीय तहमा यसको मोडल विकास भैसकेको हुँदा यो कार्यक्रम प्रदेशमा कार्यान्वयन गर्न वजेट विनियोजन गरिएको हो ।आ.व. २०७९।८० मा यो कार्यक्रम कार्यान्वयनका लागि प्रति प्रदेश रु ६ लाखका दरले विनियोजन गरिएको छ । खासगरी आफ्नो प्रदेश भित्रका स्थानीय तहहरुलाई युवा मैत्री स्थानीय तहका सूचकहरु र यसको अवधारणाका सम्बन्धमा अभिमुखीकण गर्ने, सुचकमा आधारित फर्महरु स्थानीय तहहरुलाई उपलब्ध गराउने, सूचना प्रकाशन गर्ने, छनौट समितिको गठन तथा बैठक, मूल्याङ्कनका आधारमा प्रदेश स्तरमा प्रथम हु न सफल स्थानीय तहलाई कुनै समारोहको अवसर पारी पुरस्कार तथा प्रमाणपत्र उपलब्ध गराउने र अन्य व्वस्थापन गर्ने कार्यका लागि यो रकम खर्च गर्नु पर्दछ। प्रदेशबाट अनुरोध भै आएमा अभिमुखीकरण कार्यक्रमको सहजीकरण र उत्कृष्ठ स्थानीय तह छनौटका लागि परिषदबाट सहकार्य र सहयोग हुनसक्नेछ। साथै परिषदबाट निर्मित सामग्री प्रदेशलाई उपलब्ध गराईनेछ ।यो कार्यक्रमको कार्यान्वयनबाट प्रदेश भित्रका स्थानीय तहहरुबीच सूचकमा आधारित युवा मैत्री स्थानीय तहमा रुपान्तरित हु न र पुरस्कृत हु न प्रतिस्पर्धा भै सिंगो प्रदेश नै युवा मैत्री प्रदेशका रुपमा रुपान्तरित हु ने वातावरणको विकास हुँदै जाने अपेक्षा गरिएको

**३. युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम**

यो कार्यक्रमको सञ्चालनबाट युवा प्रतिभा तथा उद्यमीको खोजी गरी उनीहरुको कार्यलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषदले विषयगत क्षेत्र निर्धारण गरी सूचना गर्नेछ।राष्ट्रिय स्तरमा युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने मुल उद्देश्यका साथ राष्ट्रव्यापी रुपमा यो कार्यक्रम सञ्चालन गरिनेछ। यस आर्थिक वर्षमा पनि ससर्त अनुदानका कार्यक्रम उपलव्ध गराइएका पालिकाहरुको समन्वयमा जिल्लास्तरमा, जिल्लावाट छनौट भएकाहरु वीचमा प्रदेश स्तरमा र प्रदेशवाट छनौट भएकाहरु वीच संघीय स्तरमा यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश स्तरमा विनियोजित सशर्त अनुदान रकमवाट प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रमको समन्वय ,सहजीकरण तथा व्यवस्थापनका लागि खर्च गर्नुपर्नेछ।

**४. युवा स्वयमसेवक परिचालन**

राष्ट्रिय युवा परिषदले समाजका विभिन्न क्षेत्रमा युवा स्वयंसेवक परिचालन गर्ने कार्यलाई उच्च महत्व दिएको छ। सामाजिक जागरण र समृद्धिका अभियानहरूमा युवा स्वयंसेवकको परिचालनबाट नै समाजका विभिन्न क्षेत्रमा सकारात्मक परिवर्तन आई सामाजिक रुपान्तरण सम्भव हुनसक्छ भन्ने मान्यतामा परिषद विश्वस्त रहदै आएको छ। तर युवा स्वयंसेवकको गुणात्मक पक्षलाई ख्याल गर्नु पर्ने विषयलाई पनि नजर अन्दाज गर्न मिल्दैन। सम्बृद्ध मुलुक निर्माणका लागि युवा स्वयंसेवकको विकास गरी रोष्टर तयार गरी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँगको समन्वय र सहकार्यमा युवा परिचालन गर्ने प्रणालीको स्थापना गर्न र युवाहरूलाई स्वयंसेवामा

आकर्षित गर्ने यो कार्यक्रमको मुल उद्देश्य हो । देश विकासकमा युवाको सीप र क्षमताको उपयोग गर्न यस कार्यक्रमले मद्धत गर्ने अपेक्षा लिइएको छ । यस कार्यक्रमका लागि सबै प्रदेशमा रु २ लाख ५० हजारका दरले वित्तीय हस्तान्तरण भएको छ । देहायका सम्भावित विषय क्षेत्रमा स्वयंसेवा गर्न चाहने युवाहरुको रोष्टर तयार गरी सम्बन्धित विषय क्षेत्रको तालिम दिइ युवाहरुलाई परिचालन गर्ने कार्यमा यो रकम खर्च गर्नु पर्ने छ । परिचालन भएका युवाहरुको विवरण युवा परिषद्मा पठाउनु पर्ने छ ।

**स्वयंसेवक परिचालनका सम्भावित विषय क्षेत्रहरू**

- स्वस्थ्य खाना तथा जंकफुड विरुद्धको अभियान,
- लैङ्गिक हिंसा तथा जातीय विभेद न्यूनीकरणमा युवा
- लागूपदार्थ दुर्व्यसन विरुद्धको अभियान
- सार्वजनिक शिक्षा सवलीकरण,
- भौतिक पूर्वाधार विकास,
- नागरिक शिक्षा र सचेतना,
- बन्य जन्तु तथा वातावरण संरक्षण,
- सामाजिक कूरीति विरुद्धको अभियान
- ट्राफिक सचेतना अभियान ,
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण,
- विपद् ब्यवस्थापन तथा पूर्वतयारी
- परम्परागत सीप संरक्षण
- स्वास्थ्य सम्बन्धी जनचेतना बृद्धि तथा चिकित्सा सम्बन्धी कार्य
- सूचना प्रविधि र अन्य सान्दर्भिक विषयहरू,

## ५. युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रम

वैज्ञानिक खोज, अध्ययन, सर्वेक्षण, अनुसन्धान कार्यलाई प्रोत्साहित गर्न युवा वैज्ञानिकहरूको अनुभव आदानप्रदान तथा वैज्ञानिक खोज, अध्ययन, सर्वेक्षण, अनुसन्धानको प्रदर्शनीको आयोजना गरी उक्त कार्यको प्रभावकारिता र महत्व सम्बन्धमा प्रचारप्रसार गरी युवा विकासमा उपयोग गर्ने वातावरण तयार गर्नु यो कार्यक्रमको व्यवस्था भएको हो। संघिय तहमा यो कार्यक्रम गत आर्थिक वर्ष २०७४/०७५ देखि प्रारम्भ भएको हो। गत आ.व.मा विज्ञान, सूचना तथा प्रविधि सम्वन्धी अन्तराष्ट्रिय सम्मेलन तथा प्रदेश नं. १ र ५ मा प्रदेश स्तरीय विज्ञान तथा प्रविधि सम्वन्धि युवा सम्मेलन समेत सम्पन्न भइसकेको छ। राष्ट्रिय युवा परिषद्ले सातवटै प्रदेशमा यस प्रकारको सम्मेलन गर्ने नीति अनुरुप चालु आ.व.मा सम्मेलन नभएको कुनै एक प्रदेशमा कार्यक्रमको आयोजना गर्नेछ। उक्त प्रदेशमा विनियोजित वजेट सोही कार्यको समन्वयमा खर्च गर्नुपर्नेछ अन्य प्रदेशको हकमा प्रदेश स्तरीय विज्ञान तथा प्रविधि सम्वन्धी नीतिगत छलफल वहश अभिमुखीकरण जस्ता कार्यक्रममा विनियोजित रकम खर्च गर्न सकिनेछ।

## स्थानीय तहमा हस्तान्तरित कार्यक्रम

### १. एक शिक्षण संस्था एक उद्यम कार्यक्रम

राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार गुणस्तरीय शिक्षाको लागि सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशिलता विकास गरी शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरणबाट समृद्ध नेपाल र सुखी नेपाली अभियानमा टेवा पुऱ्याउन सहयोग गर्ने उद्देश्यले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम ल्याईएको हो। आ.व. २०७६।०७७ बाट प्रत्येक प्रदेशमा एक/एक शैक्षिक संस्था छनौट गरी नमूनाको रुपमा प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत सशर्त अनुदानका रुपमा यो कार्यक्रम राखिएको थियो। चालु आ.व. २०७७।०७८ मा पनि यो कार्यक्रमलाई निरन्तरता दिदै प्रत्येक प्रदेशमा एक सामुदायिक माध्यमिक विद्यालय छनौट गरी यो कार्यक्रम सञ्चालन गर्न रु ५ लाख २५ हजार रकम विनियोजन गरिएको छ।विद्यालयले उक्त रकम विउ पुँजीको रुपमा प्रयोग गर्नु पर्नेछ। विद्यालय तहबाट नै विद्यार्थीहरूलाई उद्यम प्रति आकर्षित गर्ने र विद्यालयलाई उद्यमका लागि सिकाइ थलोको रुपमा विकास गर्ने उद्देश्यका साथ यो कार्यक्रमलाई नमूनाको रुपमा कार्यान्वयनमा ल्याइएको छ। कक्षा ९ देखि १२ सम्मका विद्यार्थी सहभागी भई **विद्यार्थी उद्यमी क्लव** गठन गरी उक्त क्लव मार्फत उद्यम सञ्चालन गर्नु पर्नेछ।स्थानीय तहले यस कार्यक्रमकोलागि राष्ट्रिय युवा परिषद्को नमूना कार्यविधिका आधारमा कार्यविधि तयार गरी समितिको गठन गर्ने, समितिको बैठकबाट उद्यम कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट प्रस्ताव आह्वान गर्न सुचना प्रकाशन गर्ने र प्रस्ताव पेश गर्ने विद्यालयहरुको मुल्याङ्कन गरी एक विद्यालयको छनोट गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

**वडाक्लव गठन तथा नमुना युवा संसद अभ्यास**

यो कार्यक्रम युवाको नेतृत्व क्षमता विकाससँग सम्बन्धित छ। यस कार्यक्रमबाट युवाले युवा मैत्री नीति र कार्यक्रम निर्माणका लागि राज्यलाई सकारात्मक पृष्ठपोषण दिनका साथै नीति पैरवी र युवा मैत्री कार्यक्रमलाई नमुना युवा संसदीय अभ्यासका माध्यमबाट सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।यो कार्यक्रम सञ्चालनका लागि ससर्त अनदानका रुपमा वित्तीय हस्तान्तरण भएका देशभरका ७७ पालिकाहरुलाई रु ३ लाख ५० हजारका दरले वजेटको ब्यवस्था भएको छ । यो कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ अनुसार गर्नु पर्ने छ ।

**युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम**

यो कार्यक्रमको सञ्चालनबाट युवा प्रतिभा तथा उद्यमीको खोजी गरी उनीहरुको कार्यलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषदले विषयगत क्षेत्र निर्धारण गरी सूचना गर्नेछ।राष्ट्रिय स्तरमा युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने मुल उद्देश्यका साथ राष्ट्रव्यापी रुपमा यो कार्यक्रम सञ्चालन गरिनेछ।यस आर्थिक वर्षमा पनि शसर्त अनुदानका कार्यक्रम उपलव्ध गराइएका पालिकाहरुको समन्वयमा जिल्लास्तरमा, जिल्लावाट छनौट भएकाहरु वीचमा प्रदेश स्तरमा र प्रदेशवाट छनौट भएकाहरु वीच संघीय स्तरमा यो कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश स्तरमा विनियोजित सशर्त अनुदान रकमवाट प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रमको समन्वय ,सहजीकरण तथा व्यवस्थापनका लागि खर्च गर्नुपर्नेछ।